प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल
Email: molmacplanning@gmail.co
Phone No: 071-540026

पत्र संख्या : ०७५/०७६
चलानी नं. :-

# कृषि यान्त्रीकरण अनुदान कार्यक्रम सम्बन्धी सूचना

## मिति: २०७६।०२।२६ गते

यस मन्त्रालयको आ.व.२०७५।७६ को स्वीकृत कृषि यान्त्रीकरण कार्यक्रम संचालनको लागि कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम मिति २०७६।०२।२१ गते बसेको अनुदान व्यबस्थापन समितिको निर्णय अनुसार तपसिल बमोजिमका समूह, सहकारी तथा कृषि फर्महरुलाई कृषि यान्त्रीकरण कार्यक्रमको लागि अनुदान सामाग्री स्वीकृत भएको हुँदा तपसिलका कागजातहरु तयार गरी अनुदानग्राहीले स्वलगानी गर्ने रकम बुझाई सम्बन्धित आपूर्तिकर्ताहरुबाट सामाग्री लिन हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

**अनुदानग्राहीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१. अनुदानग्राही संस्थाको दर्ता प्रमाण पत्र, नागरिकताको प्रतिलिपि, लालपुर्जाको प्रतिलिपि (ट्याक्टर, कम्बाईन्ड हार्भेष्टर हकमा) पेश गर्नु पर्नेछ।
२. अनुदानग्राही संस्थाले कृषि सामाग्री प्रयोग सम्बन्धमा प्रस्ताव पेश गर्दा सिफारिस गरिएका संस्था/व्यक्ति तोकी कसको जिम्मेवारी रहने हो सो को निर्णय गर्नु पर्नेछ।
३. अनुदानग्राहीले स्वलगानी गर्ने अनुदान रकम सम्बन्धित आपूर्तिकर्तालाई बूझाई आपूर्तिकर्ताले प्राप्त गर्ने अनुदान रकमको लागि मन्त्रालयमा सिफारिस गरेको निर्णय।
४. अनुदानग्राहीले अनुसूची-७ अनुसारको सिफारिस पत्र।
५. अनुदानमा प्राप्त सामाग्री कृषि कार्यमा कम्तिमा ५ बर्षको प्रयोग गर्ने प्रतिबद्धता सहितको निर्णय।
६. समूह र सहकारी मार्फत अनुदानमा प्राप्त कृषि सामाग्रीहरु सदस्यहरुलाई सहुलियत दरमा प्रयोग गर्ने सम्बन्धी निर्णय।
७. त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गर्ने पदाधिकारीलाई जिम्मा दिएको निर्णय गर्नु पर्नेछ।
८. सम्बन्धित अनुदानग्राहीले प्रस्ताव पेश गर्दा उल्लेख गरेको आपूर्तिकर्ताहरुको विवरण सूचनामा रखिएको हुँदा सोही अनुसार आपूर्तिकर्ताहरुसँग सम्पर्क गरी तत्काल सामाग्री उपलब्ध हुने सुनिश्चित गरी सो सामाग्री लिनु हुन अनुरोध छ।
९. यस सम्बन्धमा थप जानकारीको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका कार्यालयहरुमा सम्पर्क राख्नुहुन यो सूचना जारी गरिएको छ।

.............................................
श्रीधर ज्ञवाली
बरिष्ठ कृषि विकास अधिकृत

बरिष्ठ कृषि विकास अधिकृत (दशौं तह)